कलैया उपमहानगरपालिकाद्वारा प्रकाशित

# कलैया राजपत्र

खण्ड ८ संख्या: ३ मिति: २०८३।०३।०८

भाग — २

कलैया उपमहानगरपालिका

बारा, मधेश प्रदेश, नेपाल

## कलैया उपमहानगरपालिकाको सवारी साधनको प्रयोग र इन्धन तथा मर्मत सम्बन्धी मापदण्ड, २०८३

**प्रस्तावना:-** जनताको सवैभन्दा नजिकको सरकारको रुपमा रहेको स्थानीय सरकारको उपलव्ध स्रोतको अधिकतम उपयोग गर्दै नेपालको संविधानले निर्दिष्ट गरेको अधिकार र दायित्व पुरा गरी जनतालाई सहज र सरल ढङ्गले सेवा प्रवाह गर्न तथा स्थानीय विकास निर्माण कार्यलाई प्रभावकारी ढङ्गले अगाडी वढ़ाउन राष्ट्रसेवक कर्मचारीको मनोबल उच्च राखी दैनिक कामकाजमा उत्प्रेरित गर्दै प्रशासनिक खर्चमा मितव्ययिता र आन्तरिक नियन्त्रण कायम गर्न वाञ्छनीय भएकोले सवारी साधनको प्रयोग र इन्धन तथा मर्मत सुविधा सम्वन्धी मापदण्ड वनाउनु पर्ने आवश्यकता देखिएकोले कलैया उपमहानगरपालिकाद्वारा यो मापदण्ड जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस मापदण्डको नाम " सवारी साधनको प्रयोग र इन्धन तथा मर्मत सम्वन्धी मापदण्ड, २०८३" रहेको छ ।

(२) यो मापदण्ड कलैया उपमहानगरपालिकावाट स्वीकृत भए पश्चात स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि प्रारम्भ हुनेछ ।

1 नगर कार्यपालिकामा प्रस्तुत मिति:२०८३।०३।०२ नगर कार्यपालिकाबाट स्वीकृत मिति:२०८३।०३।०२

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

(क) "इन्धन" भन्नाले डिजेल वा पेट्रोल सम्झनु पर्छ।

(ख) "कर्मचारी" भन्नाले कलैया उपमहानगरपालिका र अन्तरगतका वडा कार्यालय, स्वास्थ्य संस्था, कृषि / पशुसेवा इकाईमा कार्यरत स्थायी, अस्थायी, करार र ज्यालादारी कर्मचारीहरुलाई सम्झनु पर्छ ।

(ग) पदाधिकारी भन्नाले कलैया उपमहानगरपालिकाको निर्वाचित पदाधिकारीलाई सम्झनु पर्दछ ।

३. **सवारी साधन उपलब्ध गराउनेः**

(१) प्रचलित कानून बमोजिम सवारी साधनको सुविधा पाउने पदाधिकारीको हकमा सोही बमोजिम हुनेछ।

(२) कार्यालयमा उपलब्ध सवारी साधनहरु निम्न बमोजिमको मापदण्ड र प्रथमिकताका आधारमा उपलब्ध गराईने छः

(क) कामको प्रकृति अनुसार फिल्डमा खटिनुपर्ने कर्मचारीहरु

(ख) न.पा.को केन्द्रबाट टाढा बसोबास भएका महाशाखा/शाखा प्रमुखहरु/अधिकृत स्तरं कर्मचारी

(ग) वडा सचिवको हकमा नगरपालिकाको कार्यालय र वडा कार्यालयको दुरीको आधारमा

(घ) कर्मचारीको जेष्ठताको आधारमा अन्य कर्मचारीहरु

४. **कर्मचारीले पाउने इन्धन सुविधाः** (१) दफा ३ को उपदफा २ (क) को हकमा प्रति महिना १५ लिटर, २ (ख) को हकमा प्रति महिना १० लिटर, २ (ग) को हकमा प्रति महिना १० लिटर र २ (घ) को हकमा प्रति महिना ५ लिटर इन्धन (पेट्रोल) उपलब्ध गराईने छ।

(२) नीजी सवारी साधन प्रयोग गर्ने कर्मचारीको हकमा सवारी चालक अनुमतिपत्रको साथै सम्बन्धित कर्मचारीको नाममा रहेको सवारी साधनको ब्लुवुक (पुष्ट्याई) हुने कागजातको प्रतिलिपि जिन्सी शाखामा पेश गरिएको आधारमा कर्मचारीलाई मात्र उपदफा १ बमोजिमको इन्धन सुविधा उपलब्ध गराउन सकिने छ।

(३) यस कार्यालयको नाममा दर्ता रहेको चारपाङ्ग्रे सवारी साधनहरुको हकमा जिन्सी शाखाको सिफारिस तथा एम्बुलेन्सको हकमा स्वास्थ्य शाखाको सिफारिसमा आवश्यकता अनुसारको इन्धन (डिजेल वा पेट्रोल) नगर प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतको आदेशमा जिन्सी शाखाले उपलब्ध गराउन सक्नेछ।

(४) उपदफा (३) को हकमा इन्धन उपलब्ध गराउँदा अनिवार्य रुपमा लगवुक भरी जिन्सी शाखामा पेश गर्नुपर्ने छ ।

५. **इन्धन सुविधा उपलब्ध नहुनेः** (१) यस मापदण्ड बमोजिमको सुविधा प्राप्त गर्ने कर्मचारी अध्ययन विदा, असाधरण विदा, सुत्केरी विदा, एक महिना वा सो भन्दा बढी घर विदा वा विरामी विदामा रहेको वा विदा

 नगर कार्यपालिकामा प्रस्तुत मितिः२०८३।०३।०१ नगर कार्यपालिकाबाट स्वीकृत मितिः२०८३।०३।०१

स्वीकृत नगरी विना जानकारी १५ दिनभन्दा बढी अनुपस्थित रहेको वा प्रचलित कानून बमोजिम कुनै कारणले निलम्बनमा रहेको समयमा सो अवधिभर इन्धन वापत पाउने सुविधा उपलब्ध गराइने छैन ।

६. **थप इन्धन सुविधाः** विपद् व्यवस्थापनको काममा कुनै कर्मचारी/ जनप्रतिनिधिलाई तत्काल विपद् प्रभावित क्षेत्रमा जनतालाई पूर्व सूचना दिन, विपद् जोखिम न्यूनीकरण गर्न एवं राहत तथा उद्धार कार्यको लागि खटाउनु परेमा वा महामारी नियन्त्रण गर्न कुनै जनप्रतिनिधि, स्वास्थ्यकर्मी वा कर्मचारी खटाउनु परेमा वा कार्यालयको अति आवश्यक कामको लागि कुनै पनि कर्मचारीलाई तत्काल उपमहानगरपालिका वाहिर वा जिल्ला सदरमुकाम वा जिल्ला वाहिर खटाउनु परेमा सम्बन्धित शाखा प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले इन्धनको आवश्यकता र औचित्य मध्यनजर गरी थप इन्धन (डिजेल वा पेट्रोल) उपलब्ध गराउन सकिनेछ।

**७. सवारी साधन मर्मत :**

(१) दुई पाङ्ग्रे सरकारी सवारी साधनको नियमित चेकजाँच र आवश्यकता अनुसार मर्मतको कार्य सवारी साधन प्रयोगकर्ता स्वयंले गर्नु पर्नेछ ।

८. **सरकारी सावरी साधन प्रयोगः** (१) प्रशासनिक खर्चलाई नियन्त्रण गरी मितव्ययिता अपनाउन, उपलब्ध स्रोतको सही सदुपयोग गरी जनतालाई सहज ढङ्गले सेवा प्रवाह गर्न सरकारी सवारी साधनको मितव्ययी ढङ्गले प्रयोग गर्नु पर्नेछ । कार्यालयको आवश्यक काम गर्न, सेवा प्रवाह गर्न, विकास निर्माण सम्बन्धी कार्य गर्न, योजना अनुगमन तथा मूल्याङ्कन गर्न, तालिम/ कार्यशाला/वैठकमा उपस्थित हुन अन्य सरकारी निकायको कामकाजमा सहभागी हुन वाहेक सरकारी सवारी साधन प्रयोग गर्न पाईने छैन । सार्वजनिक विदाको दिन सरकारी सवारी साधन प्रयोग गर्नुपर्ने भएमा सम्बन्धित निकाय वा अख्तियारवालाको अनुमति लिएर मात्र प्रयोग गर्नुपर्नेछ ।

(२) सवारी साधन पुलमा रहनेः कार्यालयको काममा तत्काल जानुपर्ने अवस्थामा प्रयोग गर्न सकिने गरी चारपाङ्ग्रे/दुईपाङ्ग्रे सवारी साधन पुलमा राख्ने व्यवस्था मिलाउनु पर्ने छ ।कर्मचारीले पुलमा रहेको सवारी साधन प्रयोजन खुलाई लगबुकमा जनाई प्रयोग गर्न सक्ने छन् ।

९. **यसै मापदण्ड बमोजिम हुनेः** (१) कार्यालयवाट कर्मचारी/पदाधिकारीलाई इन्धन तथा मर्मत सुविधा उपलब्ध गराउने सम्बन्धी व्यवस्था यसै मापदण्ड बमोजिम हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कर्मचारी वा पदाधिकारीलाई प्रचलित प्रदेश वा सङ्घीय कानूनमा सवारी साधनको सुविधा प्रयोग गरे वापत दिइने इन्धन, सवारी मर्मत तथा सवारी चालक सुविधा सम्वन्धमा छुट्टै व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ ।

 नगर कार्यपालिकामा प्रस्तुत मितिः२०८३।०३।०२ नगर कार्यपालिकाबाट स्वीकृत मितिः२०८३।०३।०२

**१०. विधुतीय सवारी साधनको प्रयोगः** यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कर्मचारीलाई विधुतीय सवारीको सुविधा उपलब्ध भएको अवस्थामा इन्धन वापतको रकम उपलब्ध गराइने छैन।

**११. दुरुपयोग गर्न नहुनेः** (१) यस मापदण्ड वमोजिम सवारी साधन र इन्धन सुविधा प्राप्त गर्ने कर्मचारीले सवारी साधनको अनाधिकृत कार्यमा प्रयोग गर्न र दोहोरो पर्ने गरी इन्धन वापतको सुविधा लिन पाइने छैन ।

(२) उपदफा (१) विपरीत कुनै कर्मचारीले दोहोरो सुविधा लिएको पाइएमा सम्बन्धित कर्मचारीवाट असुल उपर गरिनेछ ।

**१२. बाधा अड्काउ फुकाउनेः** यस मापदण्डको कार्यान्वियनमा कुनै समस्या उत्पन्न भएमा कलैया उपमहानगरपालिकाले जुनसुकै वखत आवश्यक निर्णय गरी वाधा अड्काउ फुकाई कार्यान्वियन गर्न सक्ने छ।

**१३. संशोधन र खारेजीः** (१) आवश्यकता अनुसार यस मापदण्डमा भएको व्यवस्था संशोधन गर्न सकिनेछ ।

(२) यस अघि कलैया उपमहानगरपालिका नगर कार्यपालिकाको इन्धन तथा मर्मत सम्बन्धी सुविधाको निर्णयहरु खारेज गरिएको छ।

आज्ञाले

रेशम लाल कँडेल

प्रमाणिकरण मितिः

प्रमुख प्रशासकीय अधिकृत

 नगर कार्यपालिकामा प्रस्तुत मितिः२०८३।०३।०२ नगर कार्यपालिकाबाट स्वीकृत मितिः२०८३।०३।०२